तारखोलागाउँपालिका

# गाउँकार्यपालिकाकोकार्यालय,

अर्गल, बागलुङ

गण्डकीप्रदेश, नेपाल ।

च.नं.

प.सं.

निकासीकर र अन्य शुल्क संकलन सम्बन्धी

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मितिः२०७७/०३/२५*

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ र ६४ एवं ताराखोला गाउँपलिका, सातौ गाउँसभाको निर्णय अनुसार आ.व. २०७७/०७८ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरि ताराखोला गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने देहायका शीर्षकहरुमा ठेक्का बन्दोबस्त गर्नूपर्ने भएकोले यस सम्बन्धी कार्यमा सहभागी हुन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा आर्थिक वर्ष २०७५/०७६को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसंलग्न गरी रीतपुर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

*निकासा कर तथा गाईघाट झरनाको शुल्क संकलन*

| ठेक्का न. | विवरण | न्यनतम अंक(कर बाहेक) | दरभाउपत्र फाराम दस्तुर | धरौटी रकम | दरभाउपत्र खरिद गरने अवधी |
|---|---|---|---|---|---|
| ०७७/७८/०१ | गाउँपलिका क्षेत्रबाट अन्य स्थानमा निकासा गरिने वस्तुहरुको निकासी कर | १०००००० (दश लाख) | १००० | कबोल अंकको ५% | १५ दिन भित्र |
| ०७७/७८/०२ | वडा नं.१[illegible] मा रहको गाईघाट झरना | १००००००( एक लाख) | १००० | कबोल अंकको ५% | १५ दिन भित्र |

दरभाउपत्र सम्बन्धी शर्तहरु

१. उल्लेखित दरभाउपत्रहरु छुट्टाछुट्टै खरिद गरि दर्ता गर्नुपर्नेछ ।

२. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरि वा प्रभु बैंक,ताराखोला शाखा, बाग्लुङमा रहेको यस कार्यालयको संचित कोष खाता नं. १६७०१०९८५१००००१३ मा जम्मा गरी सक्कल भौचर पेश गरि कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। यस कार्यालयबाट खरिद भएका दरभाउपत्र फारामहरु भरी सिलबन्दी गरी १६ औ दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ । दर्ता हुन आएका दरभाउपत्र सोहि दिनको २.०० बजे कार्यालयमा दरभाउपत्र दाताहरु समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने

प्रमुख प्रशासकीय अधिकृत

तारखोलागाउँपालिका
# गाउँकार्यपालिकाकोकार्यालय,
अर्गल, बागलुङ
गण्डकीप्रदेश, नेपाल।

च.नं.
प.सं.

छैन । दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उल्लेखित कार्यहरु हुनेछन ।

३. दरभाउपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर मु.अ.करको प्रमाणपत्र तथा आर्थिक वर्ष ०७५/०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र फारम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखि कवोल अंकको कम्तिमा ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैंक, ताराखोला शाखा स्थित धरौटी खाता नं. १६७०१०९८५१००००२३ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५.यस पुर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफराक नभएको ठेकेदारबाट पेश भएको दरभाउपत्र पेश गर्न कुनै बाधा पर्ने छैन, तर दरभाउपत्र पेश गर्ने भन्दा पहिले फरफराक गरेमा दरभाउपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. कुनै शर्त राखि पेश गरेको वा हुलाक मार्फत पठाएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

७. पेश भएका दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. दरभाउपत्र खाम बाहिर कार्यालयको नाम, ठेगाना र दरभाउदाताको नाम ,ठेगाना, सम्पर्क नम्बर स्पष्ट लेख्नुपर्नेछ ।

९. कर असुल गर्दा गाउँपालिकाले तोकेको दररेटमा मात्र कर असुली गर्नु पर्नेछ ।

१०. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ९८५७६६१११४ र ९८५७६६११२९ मा सम्पर्क गर्न सकिनेछ ।

..............................
राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत